# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७९ माघ - चैत
## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

## स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७९ माघ-चैत अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौँ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरू उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा २०९ वटा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०७९/८० सालको माघ, फागुन र चैत महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आयोग आग्रह गर्दछ ।

**राष्ट्रिय सूचना आयोग**

**बानेश्वर-१०, काठमाडौं**

मिति : २०८० बैशाख ५ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ. व. मा सञ्चालित कार्यक्रमहरू

१५. सार्वजनिक निकायको वेबसाइट

१६. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०७९ माघ-चैतसम्मको विवरण**

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको  छ ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण,  सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले

त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।


## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये पूर्ति दरवन्दी ३२ जना र रिक्त दरबन्दी ५ कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | १९ जना |
| ३.३ | करार सेवा कर्मचारी | १८ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना

अनुसूची१.१-



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरूको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

# राष्ट्रिय सूचना आयोग
## को
# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव<br>– कानुन अधिकृत<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– क.अ. | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– नायव सुब्बा<br>– क.अ. | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री लक्ष्मण विक्रम थापा | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री शान्ता न्यौपाने | नायव सुब्बा | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री राम प्रसाद ढकाल | उप सचिव | |
| | | श्री कुलचन्द्र पराजुली | शाखा अधिकृत | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री | उप सचिव (कानून) | |
| | | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | |
| | | श्री सालिकराम भट्टराई | शाखा अधिकृत | |
| | | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री जीवन कुँवर | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | सूचना आयुक्त |
| ५. | आर्थिक प्रशासन शाखा | श्री विदुर प्रसाद भण्डारी | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्व उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

### निर्णय गर्ने अधिकारी

सचिव दिवस आचार्य

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव दिवस आचार्य

## ९. सम्पादन गरेको कामको विवरण (२०७९ माघ-चैत)

**१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

१. कार्यालय प्रमुख सचिव श्री दिवस आचार्य

२. सहायक सूचना अधिकारी श्री संजिप कुमार अधिकारी

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### पुजिगततर्फ

माघ-चैतको खर्चको फाटवारी

म. ले. प. फा. न. २१०

**आर्थिक बर्षः-** २०७९/८०

**बजेट उपशीर्षक :** राष्ट्रिय सूचना आयोग[३५८२१०११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | तेस्रो त्रैमाशिक सम्मको निकासा | गत त्रैमाशिक सम्मको खर्च | यस त्रैमाशिकको खर्च | यस त्रैमाशिक सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | १,१००,०००.०० | ४७०,५२५.०० | ४७०,५२५.०० | ० | ४७०,५२५.०० | ० | ४७०,५२५.०० | ६२९,४७५.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३००,०००.०० | ३५,२५६.०० | ३५,२५६.०० | ० | ३५,२५६.०० | ० | ३५,२५६.०० | २६४,७४४.०० |
| कुल जम्मा | | १,४००,०००.०० | ५०५,७८१.०० | ५०५,७८१.०० | ० | ५०५,७८१.०० | ० | ५०५,७८१.०० | ८९४,२१९.०० |

### चालुतर्फ

म. ले. प. फा. न. २१०

**आर्थिक बर्षः-** २०७९/८०

**बजेट उपशीर्षक :** राष्ट्रिय सूचना आयोग[३५८२१०११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | तेस्रो त्रैमाशिक सम्मको निकासा | गत त्रैमाशिक सम्मको खर्च | यस त्रैमाशिकको खर्च | यस त्रैमाशिक सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ११,८००,०००.०० | ७,६९१,८३४.६० | ७,६९१,८३४.६० | ८६१,३५१.७० | ८,५५३,१८६.३० | ० | ८,५५३,१८६.३० | ३,२४६,८१३.७० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,९००,०००.०० | २,३०६,५१०.६० | २,३०६,५१०.६० | २५६,८२०.३० | २,५६३,३३०.९० | ० | २,५६३,३३०.९० | ३३६,६६९.१० |
| २११२१ | पोशाक | २००,०००.०० | ० | ० | १५०,०००.०० | १५०,०००.०० | ० | १५०,०००.०० | ५०,०००.०० |
| २११२३ | औषधी उपचार खर्च | २००,०००.०० | ० | ० | ० | ० | ० | ० | २००,०००.०० |
| २११३२ | महंगी भत्ता | ५००,०००.०० | २४६,६००.०० | २४६,६००.०० | ३०,०००.०० | २७६,६००.०० | ० | २७६,६००.०० | २२३,४००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | ५२,५००.०० | ५२,५००.०० | ० | ५२,५००.०० | ० | ५२,५००.०० | १४७,५००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ७,८००.०० | ७,८००.०० | ० | ७,८००.०० | ० | ७,८००.०० | ९२,२००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | १४८,५००.०० | १४८,५००.०० | ० | १४८,५००.०० | ० | १४८,५००.०० | ५१,५००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ० | ० | ० | ० | ० | ० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ४९,६००.०० | ४९,६००.०० | ६,०००.०० | ५५,६००.०० | ० | ५५,६००.०० | ४४,४००.०० |
| २२१११ | पानी तथा बिजुली | ४००,०००.०० | २१३,५४०.०० | २१३,५४०.०० | ४,८००.०० | २१८,३४०.०० | ० | २१८,३४०.०० | १८१,६६०.०० |
| २२११२ | संचार महसुल | ९००,०००.०० | १५३,९५५.०० | १५३,९५५.०० | ९१,४४०.०० | २४५,३९५.०० | ० | २४५,३९५.०० | ६५४,६०५.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ६००,०००.०० | ४५६,६७५.०० | ४५६,६७५.०० | ७१,७५१.०० | ५२८,४२६.०० | ० | ५२८,४२६.०० | ७१,५७४.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००,०००.०० | ४८३,४६०.०० | ४८३,४६०.०० | ८७,४८१.०० | ५७०,९४१.०० | ० | ५७०,९४१.०० | १२९,०५९.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,४००,०००.०० | ७९७,०११.०० | ७९७,०११.०० | १८०,६८५.०० | ९७७,६९६.०० | ० | ९७७,६९६.०० | ४२२,३०४.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५००,०००.०० | ३०५,३८०.०० | ३०५,३८०.०० | ० | ३०५,३८०.०० | ० | ३०५,३८०.०० | १९४,६२०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,३००,०००.०० | ७५९,६८३.०० | ७५९,६८३.०० | ३१६,४१४.०० | १,०७६,०९७.०० | १५,०००.०० | १,०६१,०९७.०० | २२३,९०३.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | २,४००.०० | २,४००.०० | ० | २,४००.०० | ० | २,४००.०० | ९७,६००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ४००,०००.०० | ३९,०००.०० | ३९,०००.०० | ३,६००.०० | ४२,६००.०० | ० | ४२,६००.०० | ३५७,४००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३००,०००.०० | १६९,०५६.०० | १६९,०५६.०० | ० | १६९,०५६.०० | ० | १६९,०५६.०० | १३०,९४४.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ३००,०००.०० | ८५,१९०.०० | ८५,१९०.०० | ० | ८५,१९०.०० | ० | ८५,१९०.०० | २१४,८१०.०० |
| २२४१३ | करार सेवा शुल्क | ५,६००,०००.०० | ४,०९९,२४८.०० | ४,०९९,२४८.०० | ६०७,४२२.०० | ४,७०६,६७०.०० | ० | ४,७०६,६७०.०० | ८९३,३३०.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,६००,०००.०० | ६६७,८३०.०० | ६६७,८३०.०० | ० | ६६७,८३०.०० | १५०,०००.०० | ५१७,८३०.०० | १,९३२,१७०.०० |
| २२५२२ | कार्यक्रम खर्च | २,८००,०००.०० | ३५,२५६.०० | ३५,२५६.०० | ० | ३५,२५६.०० | ० | ३५,२५६.०० | २,७६४,७४४.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५,३००,०००.०० | ४०५,८६९.०० | ४०५,८६९.०० | ० | ४०५,८६९.०० | ० | ४०५,८६९.०० | ४,८९४,१३१.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९००,०००.०० | ३८२,४५०.०० | ३८२,४५०.०० | २१८,५०५.०० | ६००,९५५.०० | ० | ६००,९५५.०० | २९९,०४५.०० |
| २२७११ | विविध खर्च | ७००,०००.०० | ३४१,४७१.०० | ३४१,४७१.०० | ६६,६७५.०० | ४०८,१४६.०० | २०,०००.०० | ३८८,१४६.०० | २९१,८५४.०० |
| २८१४२ | घर भाडा | ४,६००,०००.०० | २,९४८,८६४.०० | २,९४८,८६४.०० | ३,९००.०० | २,९५२,७६४.०० | ० | २,९५२,७६४.०० | १,६४७,२३६.०० |
| कुल जम्मा | | ४५,७००,०००.०० | २२,८४९,६८३.२० | २२,८४९,६८३.२० | २,९५६,८४५.०० | २५,८०६,५२८.२० | १८५,०००.०० | २५,६२१,५२८.२० | १९,८९३,४७१.८० |

## १३. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७९/८० (माघ-चैत) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण २०९ वटा ।

२०७९/८० माघ महिना

| क. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ ( दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | १० | १९९ | ३० | ७३१ | १३१ | ७१८ | ८० | २२० | ३५ | ७४ | ३ | ११ | १ | २ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | | १ | १ | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

२०७९/८० फागुन महिना

| क्र. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ ( दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | ८ | ८९ | ३८ | ८२० | ९२ | ८१० | १५१ | ३५१ | ३० | १०४ | १ | १२ | १ | ३ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | | १ | - | १ | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

२०७९/८० चैत महिना

| क्र. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग (दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश (दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर (दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन (दफा १०) | | | | | | | | | | | | | | | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | ६ | ८९ | ४४ | ८९८ | ८९ | ८९० | १५० | ५०१ | १८ | १२२ | १ | १३ | - | ३ | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | १ | २ | १ | २ | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग (दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन (दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

माघ, फागुन र चैत महिनाको कूल विवरण

| क.सं. | विवरण | लिङ्ग | | | तिन तहसंग सम्बन्धित | | | प्रदेश | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | संघ | प्रदेश | स्थानीय | १ | मधेश | बागमती | गण्डकी | लुम्विनी | कर्णाली | सुदूर पश्चिम | | |
| १ | पुनरावेदन ( दफा १०) | ४९१ | ४३८ | १२ | २४३ | ९९ | ६०१ | ८५ | २१९ | ११८ | १०९ | १०७ | १४९ | १५४ | ९४१ | |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफ ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | | | | | | | | | | | | | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | २ | - | - | - | - | - | २ | - | - | - | - | २ | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

## १४. आ. व. ०७९/८० (माघ-चैत) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरूको विवरण

यस आर्थिक वर्षका लागि स्वीकृत कार्यकमहरु मध्ये निर्वाचन र मिति २०७९।११।१७ देखि बजेट रोक्का भएका कारण अधिकांश कार्यकमहरु सञ्चालन गर्न नपाइएको अवस्था छ ।

### १४.१ अन्य कार्यक्रम

- सूचनाको हक कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २० को उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष मिति २०७९ माघ १८ मा पेश गरिएको ।
- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।
- RTI जर्नल प्रकाशनका लागि प्राप्त लेखहरु अध्ययन तथा छनौट गरी प्रकाशनका लागि तैयारी अवस्थामा रहेको तर बजेट खुले पछि मात्र छपाउन सकिने अवस्था रहेको ।

### १४.२ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरूबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपालीमा प्रकाशन गर्ने गरिएको छ । दोस्रो चौमासिकको बुलेटिन तयारी अवस्थामा रहेको तर बजेट रोक्का भएका कारण छपाईमा पठाउन नपाइएको ।

### १४.३ आयोगबाट मिति २०७९ माघ देखि चैत मसान्तसम्म भएका बैठकका निर्णयहरू

**बैठक नं. २८१(३)४१**

**मिति २०७९।१०।१६**

**निर्णय**

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिम सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण गर्न गठित समितिबाट मिति २०७९।०९।२४ मा प्राप्त सूचनाको वर्गीकरण आयोगलाई प्राप्त भयो । यस सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भयो:

(क) सूचनाको वर्गीकरण आयोगलाई जानकारी भयो ।

(ख) सूचना वर्गीकरण समितिले गरेको सूचना वर्गीकरण सम्बन्धी निर्णय सम्बन्धित सार्वजनिक निकायले सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गरेको हुनु पर्दछ । वर्गीकरण गरिएको विवरण आयोग मार्फत पनि सर्वसाधारणलाई जानकारी गराउन उपयुक्त भएकोले आयोगको वेबसाइट मार्फत सार्वजनिक गर्ने ।

(ग) सूचनाको वर्गीकरणमा भएका विषयमा थप अध्ययन गर्नु पर्ने भएकोले सबैले अध्ययन गरी आगामी बैठकमा थप छलफल गर्ने ।

२. नयाँ सूचना प्रविधि प्रणाली बारेमा छलफल भयो ।

विविध

(क) प्रचलित नेपाल ऐनमा संशोधन गर्नु पर्ने भएमा सो विषय समावेश गरी केही नेपाल ऐनलाई संशोधन प्रस्तावका लागि श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च. नं. ४/५० मिति २०७९।१०।१५ को

पत्र जानकारी प्राप्त भयो । सूचनाको हकसम्बन्धी ऐनमा पनि समयानुकूल संशोधन गर्नु पर्ने विषयहरु रहेको तर यसका लागि सरोकारवालाहरुसँग गरेको छलफलबिना प्रस्ताव गर्न उपयुक्त र संभव नभएकोले केही नेपाल ऐन संशोधन भन्दा पनि छुट्टै संशोधनको प्रकियाबाट जान उपयुक्त हुने हुँदा हाललाई केही प्रस्ताव गर्न सम्भव नभएको जानकारी गराउने ।

## बैठक नं. २८२(३)४२

## मिति २०७९।११।०४

## निर्णय

१. यस आर्थिक वर्षमा यस आयोगका लागि रू. १ करोड ७ लाख कार्यक्रम बजेट स्वीकृत भएकोमा हालसम्म खर्च भएको रू. ११ लाख ८ हजार ९५५ कटाउँदा खर्च हुन बाँकी कार्यक्रम बजेट रू. ९५ लाख ९१ हजार ४५ रहेको छ । अर्थ मन्त्रालयबाट ती कार्यक्रमहरू मध्ये अधिकांश बजेट LMBIS मार्फत रोक्का वा घटाइएको अवस्था जानकारी भयो । आयोगका लागि थोरै कार्यक्रम संख्या र बजेट विनियोजन भएका कार्यक्रमहरू सञ्चालन गर्न नसकिँदा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐनले दिएको जिम्मेवारी पूरा गर्न थोरै मात्र भए पनि गरिने प्रयासमा असर पर्ने ठहर आयोगको रहेको छ । यस अवस्थामा शुरू भई सकेका कार्यक्रम र बाँकी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था हुन तथा न्यूनरूपमा विनियोजित प्रशासनिक खर्चमा गरिएको कटौती नगर्ने व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित प्रादेशिक तथा स्थानीय सहयोग कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक श्री बलराम रिजाल र राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री हेमराज अर्यालसँग आयोगमा भएको बैठकबाट सूचनाको हकसम्बन्धी विषयलाई कार्यक्रममा समावेश गर्न तथा सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आपसी सहयोग तथा समन्वय गर्ने सहमति भएको जानकारी भयो । उक्त कार्यक्रम भित्र सूचनाको हकसम्बन्धी कार्यक्रम आगामी वर्षका लागि प्रस्ताव गर्ने बारेमा योजना शाखाले प्रस्तुत गरेको प्रस्तावित बजेट तथा कार्यक्रम बारेमा छलफल गर्दा थप छलफल गरी अन्तिमरूप प्रदान गर्ने निर्णय भयो । साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनाको हकसम्बन्धी अनुगमन इकाईलाई उक्त कार्यक्रमको इकाईसँग समन्वय गरी प्रदेश स्तरीय कार्यालय प्रमुखहरूसँग अन्तरकिया, सूचना अधिकारीहरूलाई प्रशिक्षण, स्वतः प्रकाशन तथा सूचनाको हकसम्बन्धी संगालो प्रकाशक, प्रदेशस्तरमा सरोकारवालाहरूसँग छलफल जस्ता कार्यक्रमहरू प्रस्ताव गर्न लेखी पठाउने ।

३ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. प्र./७२१/३२४८ मिति २०७९।०९।२४ को पत्रसाथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिम सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षणका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न गठित समितिबाट वर्गीकरण गरिएका सूचनाको विववरण सम्बन्धमा सरोकारवालासँग थप छलफल गर्न आवश्यक भएकोले हाललाई उक्त विवरण फिर्ता पठाइ दिने व्यवस्थाका लागि अनुरोध भइ आएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को च. नं. मा. अ./७२१/३७०६ मिति २०७९।१०।२२ को पत्र आयोगमा जानकारी भयो ।

४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा छलफल भयो । हाल बजेटको सिलिङ्ग प्राप्त भई नसकेकोले पूर्व तयारीको कार्य शुरू गर्ने ।

५. विगतमा भएका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा भयो ।

विविध

(क) UN Women नेपालको कार्यालयबाट राष्ट्रिय सूचना आयोगसँग सहकार्य गर्ने गरी समझदारी पत्र सम्बन्धी प्रस्तावमा छलफल भयो । प्राप्त समझदारी पत्रको मस्यौदा उपयुक्त देखिएकोले सहमतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

(ख) यस आयोगमा कार्यरत कार्यालय सहयोगी जीवनाथ तिमिल्सिना आयोगमा कार्यरत रहेकै अवधिमा असामयिक निधन हुन गएकोमा आयोग परिवारको तर्फबाट समवेदना प्रकट गर्ने र निजको तेह्रौं पुण्य तिथिको अवसरमा गोरखापत्रमा समवेदना सन्देश पठाउने ।

**बैठक नं. २८३(३)४३**

**मिति २०७९।१२।१२**

**निर्णय**

१. नेपाल सरकार, अर्थ मन्त्रालयबाट आगामी आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रिय सूचना आयोगलाई बजेट सिलिङ्ग सम्बन्धी जानकारी प्राप्त भयो । यस आयोगले विगत आर्थिक वर्ष २०७९/८० मा गरेको कार्यक्रमहरुमाथि छलफल तथा समीक्षा समेत गरी आयोगलाई उपयुक्त हुने कार्यक्रमहरु बजेटको सिलिङ्ग भित्र रही आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा प्रारम्भिक छलफल गरी तोकिएको समयभित्रै पेश गर्ने निर्णय गरियो ।

२. सूचना आयोगहरुको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही जुन १९ देखि २१ सम्म फिलिपिन्सको राजधानी मनिलामा हुने चौधौं सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो । उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १४, २०२३ अर्थात् २०८० बैशाख १ गतेभित्र जानकारी गराउनु पर्ने भएको छ । सूचना आयोगहरुका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि यस आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग, सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली, सचिव श्री दिवस आचार्य, आयोगका एकजना कर्मचारीको नाम मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

३. सूचना आयोगहरुको अन्तर्राष्ट्रिय संगठन International Conference of International Commissioners (ICIC) अन्तर्गतको Gender and Vulnarable's Work Group को बैठक यही मे ३१ देखि जुन १ सम्म ब्राजिलको Sao Paulo मा हुने भएको र उक्त बैठकमा भाग लिनका लागि राष्ट्रिय सूचना आयोगलाई प्राप्त निमन्त्रणा बारे जानकारी प्राप्त भयो । उक्त बैठकमा भाग लिनका लागि एक जना सहभागीको जाने, आउने तथा बस्ने खर्च आयोजकले बेहोर्ने जानकारी पनि प्राप्त भएको छ । सो बैठकमा भाग लिन यस आयोगका आयुक्त श्री कमला ओली थापा र नेपाल सरकारको खर्चमा आयोगका एक जना कर्मचारीको मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा पठाउने निर्णय गरियो ।

४. नेपाली राजदूतावास श्रीलंकाको प. सं. EONC/079/80/185 मिति २०७९।११।२३ को पत्रमा नेपाली दूतावासका महामहिम राजदूतले श्रीलंकाको सूचना आयोगका आयुक्त (Commissioner) हरुसँग भेटी एक अर्काको असल अभ्यासको जानकारी लिन, अनुभव साटासाट गर्न, सूचनाको हकको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन दुई देशका आयोगहरुबीच आपसी समझदारी गर्नका लागि सकरात्मक रहेको जानकारी प्राप्त भयो । यस भन्दा अगाडि नेपालको राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोगबीच आपसी समझदारी पत्रमा हस्ताक्षर भैसकेको छ । यस प्रकारको समझदारी द्विपक्षीय समझदारी विस्तारका लागि फलदायी हुने हुँदा समझदारीपत्र (MOU) को मस्यौदा बनाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने निर्णय गरियो ।

५. राष्ट्रिय सूचना आयोगले सूचनाको हकको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनको लागि Asia Foundation सँग सूचनाको हक कार्यान्वयनलाई थप प्रभावकारी बनाउनका लागि कार्यगत सहकार्य गर्ने विषयमा प्रस्ताव पठाउने निर्णय गरियो ।

**१५. आयोगको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np रहेको छ ।

**१६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

- कुनै सम्झौता नभएको

**१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

१. २०७९ चैत १६ मा नेपाल पत्रकार महासंघ, मोरङ शाखाको संयोजकत्वमा प्रत्येक वर्ष प्रदान गरिने केदार बहादुर बस्नेतबाट स्थापितत सष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार वितरण समारोहमा राष्ट्रिय सूचना आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको विशेष आतिथिको रुपमा सहभागिता रहेको र सूचनाको हक कार्यान्वयनका बारेमा सबैको सहयोग जरुरी रहने मन्तव्य व्यक्त भएको ।

२. एशिया फाउण्डेशनको आयोजनामा २०७९ चैत १० मा Misinformation landscape interaction: Policy concerns and way forward अन्तरक्रिया कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको प्रमुख अतिथिका रुपमा सहभागी भई सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट Misinformation लाई रोक्न सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो ।

३. २०७९।१०।१० गते मोरङ जिल्ला, विराटनगर महानगरपालिकामा सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । आयोगको आयोजनामा गरिएको उक्त कार्यक्रमको अध्यक्षता आयोगका आयुक्त कमला ओलीले गर्नु भएको थियो । सूचनाको हक र यस सम्बन्धी कानूनी व्यवस्था साथै महिला सशक्तिकरणमा सार्वजनिक निकायको दायित्व र भूमिकाको बारेमा चर्चा गरिएको थियो ।

४. २०७९।१०।०९ गते आयोगको आयोजनामा कोशी प्रदेशको विराटनगरमा खुल्ला शासन विषयक प्रदेशस्तरीय कार्यक्रम सम्पन्न भएको थियो । आयोगका पूर्व प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले खुला सरकार साझेदारीको कार्यक्षेत्र यसका सिद्धान्त, खुला सरकार साझेदारीका संगठनात्मक संरचना जस्ता विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका प्रदेश प्रमुख हिक्मत कार्की हुनु हुन्थ्यो । साथै कार्यक्रमको अध्यक्षता आयोगका आयुक्त कमला ओलीले गर्नु भएको थियो ।

५. काठमाडौं महानगरपालिकाको आयोजनामा ११३ औं महिला दिवसको अवसर पारेर गरिएको कार्यक्रममा सूचना आयुक्त कमला ओलीले महिला हिंसा र सूचनाको हकको अपरिहार्यता भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको ३२ सै वडाका जनप्रतिनिधि, सूचना अधिकारी, संघसंस्था, महिला प्रतिनिधिको उपस्थिति रहेको थियो ।

६. प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्नः २०७९ माघ २७ गते सूचनाको हकका लागि राष्ट्रिय महासंघ, काठमाडौंद्वारा आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट प्रशिक्षार्थीहरुलाई सुशासनमा सूचनाको हकको महत्व र राष्ट्रिय सूचना आयोगबाट सम्पादित कार्यका बारेमा प्रशिक्षण दिने कार्य भयो । सार्वजनिक सरोकारका विषयमा चियापसल, चोक, चौतारामा टीकाटिप्पणी गर्ने तर, सूचना माग गर्न नजाने प्रवृत्तिमा सुधार ल्याउन अभियानकर्मी लागिपर्नु पर्नेमा जोड दिंदै यसतर्फ विशेष ध्यान दिन आयोजक र अभियानकर्मीको ध्यानाकर्षण गराउने कार्य सूचना आयुक्त मैनालीबाट भयो ।

७. भगवतिमाई गाउँपालिकामा अभिमुखीकरण कार्यक्रमः कर्णाली प्रदेशको दैलेखस्थित भगवतिमाई गाउँपालिकाको आयोजनामा चैत्र २५ सूचनाको हकसम्बन्धी एक दिने

अभिमुखीकरण कार्यक्रम राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको प्रमुख आतिथ्यता र सोही पालिकाका प्रमुख गणेशबहादुर थापाको अध्यक्षतामा सम्पन्न भयो ।

कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था, व्यावहारिक प्रयोग, राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार, सूचनाको हकको विश्वव्यापी प्रचलन र नेपालको अवस्था तथा सूचनाको हकको प्रयोगबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सुशासनमा पुगेका सकारात्मक योगदानलगायतका विषयमा विस्तृत प्रस्तुतीकरण दिने कार्य भयो । कार्यक्रममा पालिकाका वडाध्यक्ष र सदस्यहरु, ३४ सामुदायिक विद्यालयका प्रधानाध्यापक र सूचना अधिकारी, पालिकास्थित स्वास्थ्य कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारी र ७ वटै वडाका वडा सचिव तथा सञ्चारकर्मीसहित एक सयभन्दा बढीको सहभागिता रहेको थियो ।

१८. **आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः** सबै सूचना खुल्ला रहेको ।

१९. **आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन :** माग भएको र उपलब्ध गराएको १ वटा ।

२०. **यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७७/०७८ सम्म
१९.२ सचित्र पुस्तिका
१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन
१९.४ Guidelines of Public Information Officers (PIOS)
१९.५ आयोगका जानकारीमूलक ब्रोसियर
१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075
१९.७ Right to Information (RTI) Journal
१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook
१९.९ Management Information System (MIS) Guidebook
१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)
१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)
१९.१२ अनुगमन तथा मूल्यांकन प्रतिवेदन- २०७५
१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५
१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरू

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
ईमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
**Facebook/Twitter :**
**https://www.facebook.com/rtinepal,**
**https://twitter.com/suchanaayog**